दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २९५ | बुटवल | २०८१ कार्तिक १२, गते सोमबार | नेपाल संवत ११४५ | Monday Oct. 28, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**बचत गरौं उद्यमशील बनौं**

**बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं,**
-आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
-त्यस्तो बचत भविष्यमा आपतकालीन तथा ढस्साहरु टार्न,
-व्यापार व्यवसाय प्रारम्भ गर्न,
-सन्ततिका लागि शिक्षा स्वास्थ्य लगायतका
काममा प्रयोग गर्न,
-स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ।
त्यसै अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई
उद्यमशीलतामा लगाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

# कालीगण्डकी–तिनाउ डाइभर्सनविरुद्धको रिट खारेज



**लुम्बिनी संवाददाता**
*बुटवल*

तीन वर्षअघि सर्वोच्च अदालतमा परेको रिट खारेज भएपछि कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना अघि बढाउन बाटो खुलेको छ। आयोजनाविरुद्ध २०७८ असारमा सर्वोच्चमा मुद्दा दायर भएको थियो।

सर्वोच्चका न्यायाधीश डा. कुमार चुडाल र विनोद शर्माको इजलासले आइतबार आयोजनाविरुद्ध परेको रिट खारेज गरेको छ, तर फैसलाको पूर्णपाठ नआएको अधिवक्ता राजाराम घिमिरेले बताए।

कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गत कालीगण्डकी नदीको पानी डाइभर्सन गर्ने सरकारको निर्णयविरुद्ध तीन अधिवक्ताले सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए। वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ताद्वय तुलसीराम पोखरेल, अदिता कार्की र एपेक्स कन्ट्रक्सन प्रालिले यो आयोजना रोक्न माग गर्दै सर्वोच्चमा रिट दर्ता गरेका थिए।

उनीहरुले आयोजना रोक्न तथा यो नदीबाट गिट्टीढुंगा, बालुवा निकाल्न रोक लगाउन माग गरेको निवेदनमा केही निर्देशनसहितको आदेश आए पनि आइतबार ढिलो फैसला आएको र त्यसको पूर्ण विवरण नआएकाले सबै नखुलेको घिमिरेले जनाएका छन्।

निर्देशनमा डाइभर्सनमा नदी सभ्याता नबिगारी कति प्रतिशत पानी लैजाने हो, सबै खुलाउनुपर्नेसहितको हुनसक्ने उनको आंकलन छ।

नेपालको सभ्यता र संस्कृतिसँग जोडिएको गण्डकी नदीको अस्तित्व नै समाप्त पार्नेगरी कालीगण्डकी पानी डाइभर्सन गर्ने सरकारको निर्णयले सनातन हिन्दूहरुको आस्थामाथि प्रहार भएको रिट निवेदकहरुको दाबी थियो।

नेपालको सभ्यता र संस्कृतिसँग जोडिएको गण्डकी नदीको अस्तित्व नै समाप्त पार्ने गरी कालीगण्डकी पानी डाइभर्सन गर्ने सरकारको निर्णयले सनातन हिन्दूहरुको आस्था, विश्वास, मूल्य र मान्यता बोकेको हिमालय मुक्तिनाथबाट प्रवाहित पवित्र एवं पुण्य नदी र शालिग्राम प्राप्त गर्ने क्षेत्रको दोहन गर्ने उद्देश्य सरकारको देखिएको दाबी गरिए पनि दाबीबमोजिमको प्रमाण नपुगेको हो।

उनीहरुले सो परियोजना संविधान, कानुन, प्रतिपादित नजिर र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताविपरीत भएको दाबी गरेका थिए। २०७८ सालमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले कालीगण्डकी डाइभर्सन परियोजनाको कार्यालय बुटवलमा स्थापना गरेर उद्घाटन गरेका थिए।

सरकारले कालीगण्डकी आयोजना अगाडि बढाउन लागेपछि कालीगण्डकीको तटीय क्षेत्रबाट चर्को विरोध भएको थियो। आयोजनाको कार्यालयको उद्घाटन गरेपछि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसहित गण्डकी प्रदेश र पाल्पाका स्थानीय बासिन्दाले विरोध जनाएका थिए।

आयोजनाले लुम्बिनी प्रदेशका पाल्पा, गण्डकीको स्याङ्जा र तनहुँसम्म १० वटा स्थानीय तहको भौगोलिक क्षेत्रमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्ने भन्दै विरोध भएको हो। यो आयोजनामा केही व्यक्तिले दुई प्रदेशबिचको प्रतिष्ठाको विषय बनाउन खोजे पनि सर्वोच्चले त्यसको निकास दिएको छ।

यो डाइभर्सनको चर्चा २०६४ सालको पहिलो संविधानसभा चुनावदेखि सुरु भएको थियो। उक्त चुनावमा एमाले नेता विष्णु पौडेल र नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणले आफ्ना घोषणापत्रदेखि लिएर आमसभाहरूमा कालीगण्डकीको पानी तिनाउमा खसाल्ने वाचा गरेर गरेका थिए।

प्रस्तावित आयोजनाको योजनाअनुसार पाल्पाको रम्भा गाउँपालिकाको पिपलडाँडा क्षेत्रबाट २७ किलोमिटर सुरुङ खनेर पाल्पाको दोभानमा पानी झारिनेछ। दोभानबाट बुटवलको बेलबाससम्म फेरि अर्को ७ किमि सुरुङ बनाएर पानी त्यता लगिनेछ। यसले रुपन्देहीका सबै र कपिलवस्तुको केही क्षेत्रमा सिँचाइको साथै अन्य आयोजना सञ्चालन गर्ने योजना अघि सारेको छ।

१० वर्षमा पूरा गर्ने १३८ अर्बको लगानी हुनसक्ने आँकलन गरिएको यस आयोजनामा सिँचाइ सुविधा र विद्युत् निकाल्ने लक्ष्य राखिएको छ। १०७ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ हुने र पाल्पाको दोभानमा ५४ मेगावाट र रुपन्देहीको बुटवलमा १२६ मेगावाट क्षमताका पावर हाउस निर्माण गरेर वर्षमा १ हजार मेगावाट विद्युत निकाल्ने योजना यसमा समेटिएको छ।

रुपन्देहीका बुटवल, भैरहवा, लुम्बिनीसहितका शहरहरुमा जनघनत्व बढ्दै जाँदा यहाँको सबैभन्दा ठूलो जलस्रोत मानिने तिनाउ नदीमा पानीको सतह घट्दै गएपछि यसको सभ्यता, सिँचाइ र तराईमा भूमिगत जलस्रोतको संरक्षणका लागि यो आयोजनाको परिकल्पना गरेर काम अघि बढाएको अर्थमन्त्री पौडेलले बताएका छन्।

## '१४ वर्ष मुनिकाको क्यान्सर उपचार निःशुल्क'

काठमाडौं। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने निर्णय गरेका छन्।आइतबार मन्त्रीस्तरीय निर्णय गर्दै उनले सरकारी अस्पतालहरु कान्ति बाल अस्पताल काठमाडौं, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा यस्तो सेवा निःशुल्क गर्ने निर्णय गरेका हुन्।

मन्त्री पौडेलको सचिवालयका अनुसार मंसिर १ गतेबाट उपचार निःशुल्क हुने गरी व्यवस्था मिलाइएको छ। राज्यको सामर्थ्यका आधारमा धेरै धनराशी खर्च हुने क्यान्सर उपचार निःशुल्क गर्ने मन्त्रालयको नीति छ। यसैअन्तर्गत मन्त्री पौडेलले आफू मन्त्रालयमा पदबहाल गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थालेका थिए। हाल यो व्यवस्था बालबालिकाबाट सुरु गर्न लागिएको मन्त्रालयले जनाएको छ।

नेपालमा सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएको पाइएको छ। नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको छ। ती बालबालिकालाई परिवारको आर्थिक अभावमा मृत्युको मुखमा पर्न नदिन र समयमै उपचार गरेर ज्यान बचाउन उपचार निःशुल्क बनाउने निर्णय गरिएको मन्त्री पौडेलले बताए। मन्त्री पौडेलले कार्यभार सम्हाल्नासाथ पहिलो निर्णय राष्ट्रिय क्यान्सर रणनीति स्वीकृत गरेर थालेका थिए। र, नीतिअनुसार बालबालिकाको क्यान्सर न्यूनीकरण गर्न पहिलो निर्णय गरेको तीन महिनाभित्रै उनले तीन महिना पुग्नासाथ उपचार निःशुल्क गराउने निर्णय गरेका हुन्।

सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकमबाट अपुग रकम मन्त्रालयको आन्तरिक श्रोतबाट उपचार खर्चको व्यवस्थापन गरि उपचार गरिने मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए।

## एमाले तिलोत्तमाको अध्यक्षमा मीनप्रसाद



तिलोत्तमा। नेकपा एमाले तिलोत्तमा नगर कमिटीको दोस्रो अधिवेशनबाट मीनप्रसाद पोखरेल अध्यक्ष पदमा निर्वाचित भएका छन्। शनिबारदेखि सुरु भएको अधिवेशनले पोखरेलको नेतृत्वमा ७५ सदस्यीय नगर कमिटी सर्वसम्मत चयन गरेको हो।

नगर कमिटीको उपाध्यक्षमा संगिता गुरुङ, सचिवमा राधा शाही तथा उप-सचिवहरुमा लोकनाथ पाण्डे र शंकर भुसाल चयन भएका छन्। अध्यक्ष पदमा निवर्तमान अध्यक्ष तामनाथ पाण्डे पनि आकांक्षी थिए। तर नेताहरुले पोखरेललाई नेतृत्व दिन सहमत गराएपछि चुनावमा नगई नेतृत्व चयन भएको हो। अधिवेशनको एमाले सचिव छविलाल विश्वकर्माले उद्घाटन गरेका थिए।

# उद्योगमा काटिएको विद्युत् निःशर्त जडान गर्न उद्योगीको माग



बुटवल। रुपन्देही उद्योग संघले बुटवल-भैरहवा औद्योगिक कोरिडोरका १६ उद्योगमा काटिएको विद्युत् लाइन निःशर्त जडान गरिदिन माग गरेको छ।

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता नतिरेको भन्दै शुक्रबार रातिदेखि शनिबार बिहानसम्म बुटवल-भैरहवा औद्योगिक कोरिडोरका १६ उद्योगको लाइन काटिदिएको थियो।

रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा र महासचिव हिरामणि भट्टराईले प्रेस विज्ञप्ति जारी गर्दै उद्योगीले माग र प्रयोग दुबै नगरेको अवस्थामा प्राधिकरणले एकतर्फी रुपमा ठहर गरी उद्योगहरुमा काटिएको विद्युत् तत्कालै निःशर्त जडान गरी लाल आयोगको प्रतिवेदनअनुसार सधैँको लागि विवाद समाधानका गर्न माग गरेका छन्। 'मध्यरातमा उद्योगीहरुलाई तर्साउने गरी ३३ केभीए विद्युत्बाट सञ्चालित १६ वटा उद्योगको लाइन काटेर अहिलेको संकटमा अडिएका उद्योगीलाई झन् धरासायी बनाउनेतर्फ प्राधिकरणद्वारा गरिएको गतिविधिलाई सच्याउन, उद्योगमैत्री वातावरण बनाउन र उद्योगहरुमा काटिएको विद्युत् तत्कालै निःशर्त जडान गरी लाल आयोगको प्रतिवेदन कार्यान्वयनमा ल्याई सधैँको लागि विवाद समाधानका गर्न रुपन्देही उद्योग संघ माग गर्दछ,' विज्ञप्तिमा भनिएको छ-'माग तथा उपभोग नै नगरेको विद्युत्को महशुल जबर्जस्ती तिराउन खोजिनु अन्यापूर्ण छ।'

यो विवाद समाधान नगरेर प्राधिकरणले उद्योगहरुको बिजुलीको लाइन काट्दा हजारौं श्रमिकहरुको रोजगारीमा प्रत्यक्ष असर पर्न गएको, मालवस्तुको अभाव सिर्जना हुने स्थिति आएको छ र राजस्व संकलनमा समेत प्रत्यक्ष प्रभावित हुने भएकाले उद्योगीहरु माथि भएको अन्यायपूर्ण व्यवहार तत्काल बन्द गर्न संघले सम्बन्धित सरोकारवाला सबैमा ध्यानाकर्षण गराएको छ। लामो समयदेखि उद्योगीहरुमाथि भइरहेको निरन्तरको प्रहार र त्रासले रुपन्देहीको औद्योगिक गतिविधि खल्बलिन गएको भन्दै न्यायपूर्ण व्यवहार गरी संहजरुपमा उद्योगहरु संचालनको वातावरण तयार गर्न नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण र सम्बन्धित निकायहरुसँग संघले माग गरेको छ।

'उद्योगीहरूले डेडिकेटेड र ट्रंकलाइनबाट खपत गरेको महशुल तिर्दैनौं कहिल्यै पनि भनेका थिएनन् र अहिले पनि भनेका छैनन्, ट्रंक र डेडिकेटेडको परिभाषा बमोजिम देश ६ घण्टाभन्दा बढी लोडसेडिङमा रहँदा उद्योगले निरन्तर २० घण्टाभन्दा बढी बिजुली खपत गरेको प्रमाण दिएमा डेडिकेटेड तथा ट्रंकलाइनको अतिरिक्त विद्युत् महसुल भुक्तानी गर्नेमा उद्योगीहरु सदैब तयार रहेका छन्, तर प्राधिकरणले दादागिरी शैलीमा विद्युत् लाइन काटिदिनुले प्राधिकरणद्वारा एकाधिकारको चरम दुरुपयोग भएको समेत हामीले महशुस गरेका छौं,' विज्ञप्तिमा भनिएको छ-'डेडिकेटेड र ट्रंकलाइन विवाद सदाको लागि अन्त्य गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा गठित जाँचबुझ आयोगको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा २०८१ बैशाख २७ गते कार्यान्वयन गर्न निर्देशन भए तापनि हालसम्म कार्यान्वयन हुन नसक्नु निन्दनीय र खेदपूर्ण भएको संघको ठहर छ।'

» बाँकी ३ पेजमा



## सम्पादकीय

# विद्युत्मा कुलमान आंतक

मुलुकमा लगानीको वातावरण बिथोलिएर मारमा परिरहेका बेला नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको रवैयाले उद्योगी आक्रोशित भएका छन् । माग र खपत नगरेको ट्रंकलाइन र डेडिकेटेड लाइनको बक्यौता दिनुपर्ने दबाब उनीहरुमाथि छ । अहिले उद्योगमा बिजुली काटिएको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ भन्छन्-'बक्यौता नतिरी बिजुली जोड्न सकिंदैन । उद्योगीहरु भने ट्रंकलाइनको माग र खपतको प्रमाण देखाए पैसा तिर्छौं ।'

नेपाल विद्युत् प्राधिकरण विद्युत् महशुल संकलन विनियमावली २०७३ को विनियम ५(५) मा ३३ केभी ट्रंकलाइन तथा ११ केभी रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत् आपूर्ति नगरिने, अर्को व्यवस्था नभएसम्मको लागि ट्रंकलाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महशुल तिरी लिन सक्ने व्यवस्था छ । यस्तो सेवा लिनका लागि निवेदन दिने र डेडिकेटेड लाइन सरह प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति लिनुपर्ने विनियमावलीमा उल्लेख छ । ट्रंकलाइनबाट विद्युत् लिन उद्योगले निवेदन लिई प्राधिकरणको सञ्चालक समितिबाट स्वीकृति हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा कोरिडोरका उद्योगहरुले माग नै नगरेका र प्राधिकरणबाट कुनै निर्णय नभएको स्पष्ट पारेका छन् । प्राधिकरणको विनियमावलीविरुद्ध गएर उद्योगीमाथि आंतक श्रृजना गर्न खोजीएको छ ।

प्रधानमन्त्रीले पटक-पटक उद्योगी व्यवसायी मैत्री बन्न निर्देशन दिएका छन् । सरकारले दिएको निर्देशनको ठाडै अवज्ञा हुनुले उद्योगी झनै निरिह भएका छन् । बुटवल-भैरहवा कोरिडोरमा सञ्चालित १८ उद्योगले माग र खपत नगरेको बिजुलीको पैसा नतिर्ने अडान लिँदै आएका छन् । उनीहरुको यो अडान जायज छ । रूपन्देहीका १८ उद्योगमा बिजुली काटिँदा उद्योग बन्द भएका छन्, तीन हजार कर्मचारी र मजदुरलाई बिदामा बस्न भनिएको छ । तिहारको मुखमा रोजगारी गुम्दा ती उद्योगमा कार्यरत कर्मचारी र मजदुरको मुहार मलिन भएको छ । उद्योगीहरुमा देखिएको निराशा र आक्रोशले पलायन हुने जोखिम बढाएको छ । औद्योगिक वातावरण बनाउने काम राज्यको हो । राज्यका निकायहरु उद्योग मैत्री हुनसक्दा मात्रै मुलुकमा लगानीको वातावरण बन्छ । वैदेशिक लगानी भित्र्याएर ठूलो संख्यामा रोजगारी श्रृजना गर्ने योजना कार्यान्वयन गर्नुपर्ने बेला प्राधिकरणको यो रवैयाले लगानीको वातावरण बिथोलिएको छ । प्राधिकरणमा कार्यकारी निर्देशक घिसिङले मुलुकमा लामो लोडसेडिङ अन्त्य गर्न पहलकदमी लिए । यो राम्रो कामले उनको लोकप्रियता चुलिएको हो । यही लोकप्रियताको आडमा उद्योगीमाथि आतंक श्रृजना गरेर उनले गलत गरेका छन् ।

उद्योगीहरुले ट्रंकलाइन प्रयोग गरेको टीओडी प्रमाण प्राधिकरणले देखाएमा बिलअनुसारको पैसा तिर्न सधैं तयार भएको बताइरहेको बेला ट्रंकलाइन प्रयोग गरेको टीओडी प्रमाण प्राधिकरणले उपलब्ध गराउन किन आलटाल गर्छ ? तसर्थ उद्योगीलाई अनावश्यक दबाब दिएर आतंकित बनाउने छुट प्राधिकरणलाई छैन । उद्योगीले प्रयोग गरेको बिजुलीको शुल्क नियमानुसार तिर्नुपर्छ । तर प्रयोग नै नगरेको शुल्क तिर्न बाध्य पार्नु हुँदैन । उद्योगीलाई आंतकित पार्ने प्राधिकरणको नेतृत्वमाथि सरकारले कार्बाही गर्नु नै उद्योगीमाथि न्याय हुन्छ ।

# स्वास्थ्य सेवामा सुधारको सन्देश



डा. बच्चुकैलाश कैनी

*जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ । समस्याको समाधान स्वचालित वा यन्त्रवत रूपमा आफैं हुने हैन । आ-आफ्नो क्षेत्रमा भएका समस्याहरुको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ । यसैका लागि सरकार, नीतिनियम, विभिन्न संरचना, निकायहरु, नागरिक समाज आदि हुन्छन् । नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आ-आफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्न सम्भव छ ।*

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत, सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आम जनताका लागि प्रत्यक्ष चासोको विषय हो । नागरिकका लागि स्वास्थ्य सेवा प्रदान गर्न बन्ने नीति, नियम, योजना र कार्यक्रमका बारेमा धेरै नै टिप्पणी पनि हुन्छ । सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया र टीकाटिप्पणीले पाठ सिकाउँछ र सुधार कार्यक्रमलाई सही रुपमा कार्यान्वयन गर्न मद्दत गर्छ ।

देशका हरेक कुनामा रहेका नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र सुपथ रुपमा प्रदान गर्नु हरेक सरकारको दायित्व हो । समग्र स्वास्थ्य सेवाको लागि अल्पकालीन र दीर्घकालीन रणनीति, योजना र कार्यक्रम बनाउने, आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने, सरकारी, निजी र गैरसरकारी सेवा प्रदायकहरुको नियमन र अनुगमन गर्ने र सबैको लागि सबै प्रकारका स्तरीय स्वास्थ्य सेवा देशभित्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पनि सरकारको मुख्य कामअन्तर्गत पर्छ । यसका साथै जनस्वास्थ्य प्रवर्द्धन र रोग रोकथाम गर्ने दायित्व पनि सरकारको हो ।

जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारको निकै लामो सूची सार्वजनिक हुन्छ । यस्ता सूचीहरु हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवं पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारको लागि गर्नुपर्ने सबै कामको लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरुको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरु रहेको आभास हुन्छ । स्वास्थ्य सेवा सुधारका योजनाहरु अपूरो, अधुरो र कमजोर हुन्छन् । जब सुधार कार्यक्रमको सुरुआत नै अधुरो र कमजोर हुन्छ, त्यसको कार्यान्वयन र अन्तिम परिणाम पनि स्वाभाविक रुपमा अपूरो र कमजोर नै हुन्छ ।

हरेक सुधारको पहिलो र महत्वपूर्ण सर्त सेवाप्रदायक निकाय, पेसाकर्मी र हरेक सरोकारवाला निकाय र व्यक्तिहरुलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो । स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरुले प्रदान गर्छन् । उनीहरुको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगबिना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन । त्यसैले, कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेसाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ । यसका लागि समय लाग्न सक्छ तर परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ ।

केही आशा र महत्वाकांक्षा बोकेर देशको स्वास्थ्य क्षेत्रको नेतृत्व सम्हाल्नुभएका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हालसालै सार्वजनिक गर्नुभएको आफ्नो एक सय दिनमा भएका मुख्य कामको सूची हेर्दा सङ्घीय तहमा धेरै नै सुधारका कामहरुले सुरुआत गरेको देखिन्छ । सुरुआतमै घोषणा गरेको बीमा पाँच लाख पुर्‍याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने देशको स्वास्थ्यमा आम नागरिकको पहुँच वृद्धिका लागि महत्वपूर्ण प्रभाव पार्नेछ । उहाँले घोषणा मात्र नगरी स्रोत बढाउन सकिने व्यावहारिक मार्ग पनि देखाउनुभएको छ । प्रधानमन्त्रीले समेत चासो राखेको यो विषयमा मन्त्रीको निर्णयसँगै प्रधानमन्त्रीको समेत इच्छाशक्ति र समर्थन रहने हो भने देशको स्वास्थ्य सेवामा निकै महत्वपूर्ण दूरगामी निर्णय यो बन्नेछ ।

देशमा जटिल समस्याका रुपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, सङ्घीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुआत मान्न सकिन्छ । यही समयमा सहिद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्नेछ । केही शहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुर्‍याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रुपान्तरण र आम नागरिकको पहुँचका लागि महत्वपूर्ण कोसेढुङ्गाको काम गर्नेछ ।

देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अङ्गभङ्ग हुने समस्या बढिरहेका बेला मन्त्री पौडेलले गरेको निःशुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्वपूर्ण निर्णय मान्न सकिन्छ । प्राविधिक क्षेत्रका नभए पनि दृढ इच्छाशक्ति र केही गर्छु भन्नेले थोरै समयमै पनि केही आशा देखाउन सक्छ भन्ने उदाहरण एक सय दिनभित्र मन्त्री पौडेलले सार्वजनिक गर्नुभएको निर्णयले प्रमाणित गरेको छ । देशमा चिकित्सकीय क्षेत्रमा एमबीबीएस माथिका चिकित्सकका लागि अध्ययन गराउन सक्ने कोटा जम्मा वार्षिक एक सय १३ छ । यसले बढ्दो स्वास्थ्य आवश्यकता पूरा गर्न सक्दैन । यस्तोमा चिकित्सक गोविन्द केसीसमेतले लामो समयदेखि उठाउँदै आएको विशेषज्ञ चिकित्सकको संख्या बढाउने माग सम्बोधन गर्नेगरी मन्त्री पौडेलले न्याम्समार्फत गर्नुभएको चार सय चिकित्सक अध्ययन गराउन सक्नेगरी शिक्षक दरबन्दी स्वीकृत गर्ने निर्णय देशमा अभाव भएको दक्ष चिकित्सकीय जनशक्ति स्वदेशमै न्यून शुल्कमा अध्यापन गर्न निकै महत्वपूर्ण हुनसक्ने अपेक्षा स्वास्थ्य क्षेत्रका विज्ञहरुले गरेका छन् ।

चिकित्सा शिक्षा महङ्गो भएको अवस्थामा उपत्यका बाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत् ५०/५० चिकित्सक अध्यापन सुरु गर्नुले चिकित्सक केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमै चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ । यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भए पनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ ।

अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसुस भए पनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मेहनत गर्नुपर्ने देखिन्छ । आम नागरिकले लाइन अझैं घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरुमा यसप्रति आशा भए पनि नतिजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ । त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्ने गरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारुकता देखाउन जरुरी छ । निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो ।

सङ्घीय अस्पतालमा दुई सिफ्टमा ओपीडी सेवा सुरु, लामो समयदेखि सम्बोधन हुन नसकेको चिकित्सकहरुको समायोजनमा देखिएका समस्या सम्बोधन गर्न मन्त्रीले गर्नुभएको निर्णयले धेरै चिकित्सकलाई राहत दिएको महसुस गर्न सकिन्छ । तर यससँगै चिकित्सक अभाव पूर्ति गर्न अझ ठोस कदम स्वास्थ्यमन्त्रीले चाल्नुपर्ने आवश्यकता छ । यसका लागि अन्य मन्त्रालयसँगसमेत समन्वय गरेर स्रोतको व्यवस्थापन गर्न लाग्नुपर्ने आवश्यकता देखिन्छ । वीर अस्पताल तथा देशमा हालसम्म व्यावहारिक रुपमा सञ्चालन हुन नसकेको श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शैया निर्माणका लागि छिमेकी भारतसँग समझदारीको काम अघि बढ्नु वास्तवमै महत्वपूर्ण छन् ।

अस्पतालको स्तरोन्नति प्रस्तावलगायतका कार्य सङ्घीय अस्पताल केन्द्रित देखिन्छन् । केही नीतिगत र अन्य तहगत सुधारका कामहरु पनि छन् । अब यस्तै सुधारको कार्यक्रमहरु स्वास्थ्य क्षेत्रको हरेक तह, विषयगत क्षेत्र र सेवा प्रदायकहरुमा तत्काल तय गर्ने र सुधारको प्रत्याभूति हरेक जनताले महसुस गर्नेगरी लागू गर्नुपर्ने देखिन्छ ।

स्वास्थ्य सेवाहरूलाई सामान्यतया स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाको स्तर र बिरामीलाई गर्नुपर्ने हेरचाहको जटिलताको आधारमा विभिन्न श्रेणी वा स्तरहरूमा वर्गीकृत गरिन्छ । जस्तै प्राथमिक वा सामुदायिक, विशिष्ट, अतिविशिष्ट स्वास्थ्य सेवा आदि । यी हरेक तह वा स्तरहरुको बीच समन्वय, सहकार्य र सहयोग भएन भने स्वास्थ्य सेवाको सम्बन्ध छुट्छ वा टुट्छ । साथै, यीमध्ये कुनै तह वा श्रेणी कमजोर भयो भने पनि स्वास्थ्य सेवाको पहुँच धेरैको लागि असम्भव जस्तै हुन्छ । नेपालको स्वास्थ्य सेवामा देखिएको एउटा प्रमुख समस्या यो पनि हो । यो समाधान गर्नका लागि हरेक तह र श्रेणी समेटेर समस्त स्वास्थ्य सेवाको एकीकृत विकास र सुधार गर्न सक्ने योजना बनाई लागू गर्नुपर्ने देखिन्छ ।

नेपालको स्वास्थ्य सेवामा सेवाको माग र आपूर्तिबीच खाडल छ । स्वास्थ्य सेवामा सरकारी वा सार्वजनिक स्रोत र साधनको उपलब्धता कमी छ भने माग निकै बढी छ । माग र आपूर्तिबीचको खाडल पुर्न सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको कस्तो र कतिसम्मको भूमिका रहेको छ वा रहनुपर्ने हो, त्यसको लेखाजोखा पनि छैन । यस्तो अस्पष्ट अवस्थामा बन्ने रणनीति, नियम, योजना र कार्यक्रमहरुले अहिलेको स्वास्थ्य सेवामा देखिएका समस्या समाधान गर्न सक्दैन । यो समस्या समाधान गर्न अहिले हामी कहाँ छौं, अर्को वर्ष वा एक निश्चित अवधिमा कहाँ र कसरी पुग्ने हो, त्यसको निर्क्योल गर्न वस्तुगत तथ्याङ्कसहित तथ्यगत आधार तयार गर्नुपर्ने हुन्छ । यसैको आधारमा बन्ने योजना र कार्यक्रमले मात्रै स्वास्थ्य क्षेत्रमा सरकारले तोकेको उद्देश्य पूरा हुन सक्छ ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन । यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति र कार्यक्रम बनाउनु जरुरी हुन्छ । यस्ता नीति र कार्यक्रमहरु पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण स्वास्थ्यमन्त्रीले पूरै पाँच वर्ष वा संसद्को अवधिभर नरहने तथा मन्त्रीकै पनि दृढ इच्छाशक्ति नहुँदा विगतमा सरकारका नीति र कार्यक्रमहरु बीचैमा अलपत्र गर्ने गरेका छन् । नयाँ आउने स्वास्थ्यमन्त्री वा उसको दलको आ-आफ्नै प्राथमिकता र कार्यक्रम हुने हुनाले पहिलेको मन्त्रीका प्राथमिकता, राम्रा नीति र कार्यक्रमहरुलाई निरन्तरता दिने प्रचलन पनि छैन ।

त्यस्तै, स्वास्थ्य क्षेत्रमा स्रोत र साधनको कमी, स्वास्थ्य कार्यक्रमहरुको कमजोर कार्यान्वयन, फितलो मूल्याङ्कन र अनुगमन पद्धति, कर्मचारीमा जवाफदेहिता र जिम्मेवारीपनको कमी, पदीय दायित्वमा राम्राभन्दा हाम्राहरुको हालीमुहाली आदि कारणले पनि स्वास्थ्य सेवामा भनेजस्तो सुधार हुन सकेको छैन । यी कमजोरीहरु हटाउन सबै दलको राजनीतिक प्रतिबद्धताले मात्रै पुग्दैन, हरेक तह र क्षेत्रमा व्यापक सुधार र रूपान्तरण गर्नुपर्ने देखिन्छ ।

विगतको तथ्याङ्क हेर्दा मातृ एवं बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर्राष्ट्रिय क्षेत्रबाट खुलेरै तारिफ भएको छ । यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रुपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्वपूर्ण हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका कमी कमजोरी र सुधार गर्नुपर्ने कामहरुबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरुलाई जानकारी नै छ । तर ती कमी कमजोरीहरुलाई कसरी सुधार गर्ने र त्यसको लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हो । यो काम मन्त्रालयका उच्च पदाधिकारीहरुको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ ।

जहाँ समस्या हुन्छ, त्यहाँ समस्याको समाधान पनि हुन्छ । समस्याको समाधान स्वचालित वा यन्त्रवत रुपमा आफैं हुने हैन । आ-आफ्नो क्षेत्रमा भएका समस्याहरुको पहिचान गरी समाधान गर्न पद्धति, प्रणाली र संयन्त्रको व्यवस्था गरिएको हुन्छ । यसैका लागि सरकार, नीतिनियम, विभिन्न संरचना, निकायहरु, नागरिक समाज आदि हुन्छन् । नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्वास्थ्यसम्बन्धी जनताको मौलिक हक र अधिकार सुनिश्चित गर्न, सर्वसुलभ र सुपथ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन राजनीतिक दल, नेता, सरकारी निकाय र संयन्त्रले अहिले नै आ-आफ्नो ठाउँबाट उचित कदम राख्ने हो भने नेपालको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार र रुपान्तरण गर्न सम्भव छ ।

घटना र विचारबाट

# सेयर बजार ९ अङ्कले घट्यो



काठमाडौँ । साताको पहिलो कारोबार दिन आइतबार सेयर बजार परिसूचक (नेप्से) ९.१९ अङ्कले घटेको छ । सामान्य अङ्कले बजार घट्दा परिसूचक २६१८ बिन्दुमा झरेको छ ।

१४१ कम्पनीको मूल्य घटेको छ । ९१ कम्पनीको घट्दा ११ कम्पनीको मूल्य स्थिर रह्यो । आइतबार कुल १ करोड ११ लाख ३४ हजार कित्ता सेयर खरिदबिक्री हुँदा ४ अर्ब ७३ करोड २४ लाख रुपैयाँको कारोबार भएको छ ।

समग्र परिसूचक घटे पनि आइतबार लाइफ इन्स्योरेन्स कर्पोरेसन, रिभर फल्स पावर लिमिटेड र माइखोला हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यसैगरी समृद्धि फाइनान्स लिमिटेड र कालिञ्चोक दर्शन लिमिटेडको सेयर मूल्य ९ प्रतिशतभन्दा बढीले बढेको छ ।

आइतबार फाइनान्स र जीवन बिमा कम्पनीप्रति लगानीकर्ताको आकर्षण देखियो । फाइनान्स उपसमूह र जीवन बिमा उपसमूहको सूचक क्रमशः १.११ र १.१५ प्रतिशतले बढेको छ ।

# 'मेथी' खानुका फाइदै फाइदा



मानव स्वास्थ्यका लागि मेथी बहुउपयोगी बस्तु हो । यसका अनेकन फाइदा छन् । मेथीको दानामा कपाललाई मजबुद गर्ने क्षमता हुन्छ । यसमा प्रोटिन र निकोटिनिक एसिडको मात्रा उच्च हुन्छ, जसले हाम्रो शरीरलाई पनि उर्जा दिन्छ ।

यसको पेष्ट बनाएर नरिवल वा जैतुनको तेल मिलाएर कपालमा लगाउँदा यसले कपाल झर्न रोक्छ । चायाँको समस्या छ भने मेथी तपाइँका लागि अचुक औषधी पनि बन्न सक्छ । टाउकाको छाला सुख्खा भएर समस्या भयो भने मेथी त्यसका लागि सरल घरेलु उपाय हो ।

मेथीमा दही मिसाएर पेष्ट बनाउनुस र यसलाई कपालको जरासम्म पुग्ने गरी लगाउनुस् । अलि अलि मसाज गर्नुस् । ३० मिनेटपछि धुनुस् तपाइँको कपालमा चायाँको समस्या तत्काल समाधान हुन्छ ।

मेथीका दाना डन्डीफोर नियन्त्रणका लागि पनि निक्कै उपयोगी मानिन्छ । यसले छालाको एमिडर्मिस तहमा रहेको टक्सिनलाई निकाल्छ र डन्डीफोरको दाग समेत हटाइदिन्छ । डन्डीफोरले दिक्क पारेको छ भने मेथी तपाइँका लागि अचुक औषधी हो ।

मेथीका दाना पिस्नुस् र पेष्ट बनाउनुस् यसमा थोरै मह हाल्नुस् । मेथी र महको पेष्ट लगाइ २५ देखि ३० मिनेट अनुहारमा राख्नुहोस् र चिसो पानीले धुनुस् । यसले डन्डीफोरको समस्या कम गर्न मद्दत गर्दछ ।

मेथीमा उच्च मात्रामा फाइवर हुन्छ । यसले पाचन प्रणालीमा सहयोग गर्छ । यसले शरीरलाई चाहिने भन्दा बढी क्यालोरी पनि कम गर्दिन्छ । बिहानमा एक गिलास मेथीको पानी पिउनुस् यसले शरीरलाई अत्यन्तै फाइदा गर्छ । अनुहार चम्किलो पार्न चाहनु हुन्छ भने मेथी तपाइँलाई चाहिने चिज हो । मेथीको दानाले शरीरमा रहेका विभिन्न फ्रि रेडिकल्सलाई बाहिर निकाल्छ ।

मेथीको दानाको पेष्ट बनाएर लगाउँदा अनुहारमा रहेका काला घेरा र अन्य समस्या समेत हट्छन् । यसले छालाको कलर टोन बढाउँछ एवं मृत तन्तुहरु हटाउँछ त्यसकारण अनुहार चम्किलो देखिन्छ ।

मेथीको सेवनले मृगौलालाई पनि स्वस्थ राख्छ । मेथीमा हुने तत्वले पत्थरीको समस्या हुनेलाई समेत फाइदा गर्छ । यसले भित्रका विकार पिसावको माध्यमबाट बाहिर निकाल्छ । यदि तपाइँलाई ज्वरो आएको छ भने एक चम्चा कागतीको रशमा मह र मेथी मिसाएर खाँदा ज्वरो घटछ । यसले आराम अनुभव गराउँछ । यसले घाँटीमा हुने खस खस पनि हटाउँछ ।

मेथीले महिलामा स्तन वृद्धी गर्न पनि सहयोग गर्छ । यसले महिलाले बच्चालाई खुवाउनका लागि दूधको उत्पादन पनि बढाइदिन्छ । महिलामा हुने विभिन्न समस्यामा मेथीले औषधीको काम गर्छ ।

मेथीको सेवनले पाचन प्रणालीलाई राम्रो तुल्याउँछ । यसले पेट पोल्ने र अन्य समस्या समेत हटाउँछ । पाचन सम्बन्धी कुनै पनि समस्या भएको ब्यक्तिका लागि मेथीको सेवन अत्यन्तै फाइदाजनक हुन्छ ।

मेथीको सेवनले रगतमा हुने सुगर लेवल पनि नियन्त्रित हुन्छ । मेथीमा हुने एमीनो एसिडले प्याङ्क्रियाजमा हुने इन्सुलिनको प्रभाव बढाउँछ र यसले रगतमा हुने सुगरको मात्रा नियन्त्रण गर्छ । मधुमेहका रोगीहरुलाई पनि मेथी सेवन राम्रो मानिन्छ ।

# दक्षिण कोरियामा नेपाली मौलिक देउसी भैलो हुने




बुटवल । अर्घाखाँची सम्पर्क मन्च दक्षिण कोरियाको आयोजनामा भाइटिकाको अघिल्लो साँझ मारुनी नाच सहितको सुपा देउराली देउसी भैलो तथा सांस्कृतिक साझ २०२४ हुने भएको छ।

नेपालीहरूको दोस्रो ठूलो चाड शुभदिपावलिको अवसरमा यही नोभेम्बर २ तारिख शनिबार साँझ दोङ्देमुन स्थित निक नेपाल ट्राभल्सको सभाहलमा कार्यक्रम हुने भएको हो।

मञ्चले आयोजना गर्नलागेको सुपा देउराली देउसी भैलो तथा सांस्कृतिक साँझमा हाम्रो कला संस्कृति र मौलिकतालाई जगेर्ना गर्ने हेतुले अर्घाखाँचीमा नाचिने मारुनी नाच ,बासुरी ताल र स्थानीय कलाकारहरूको उपस्थितिमा अन्य मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम हरु पनि प्रस्तुत हुने छन । कोरियामा रहेका नेपाली जोसुकैले कार्यक्रममा उपस्थित जनाउन सकिने व्यवस्था रहेको मञ्चका कार्यवाहक अध्यक्ष बाबुराम पोखरेलले बताए।

---

**उद्योगमा...**

रुपन्देहीका १६ उद्योगले आफूहरुले ट्रंकलाइन माग र प्रयोग दुबै नगरेको, प्राधिकरणले ट्रंकलाइन प्रयोग गरेको प्रमाण समेत दिन नसकेकाले देशका अन्य उद्योग र यहाँका १४ उद्योगको समस्या फरक रहेको हुँदा आफूहरुले बक्यौता तिर्न बाँकी नरहेको दाबी गर्दै आएका छन् ।

प्राधिकरणले मंसिर २०७६ देखि डेडिकेटेड सरह प्रिमियम दरमा बिल पठाउँदै गरे पनि उद्योगहरुले साधारण दरमा आफैँ हिसाब गरेर विगतमा जस्तै समयमै महसुल भुक्तानी गरेका थिए ।

उद्योगीहरुले टाइम्स अफ डे मिटरिङ (टीओडी) मिटरको रेकर्ड दिए मात्रै बक्यौता तिर्ने बताएका छन् । प्रमाण नभएको भन्दै बक्यौता नतिर्ने उद्योगीको अडान छ।

सर्वोच्च अदालका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षता बनेको जाँचबुझ आयोगले प्रतिवेदनमा २०७२ साउनदेखि पुससम्मको करिब ६ महिनाको अवधि, २०७२ माघदेखि २०७५ बैशाखसम्म र २०७५ जेठदेखि २०७७ असारसम्मको फरक-फरक अध्ययन गरेको सुझाव दिएको छ।

सुरुको ६ महिना अर्थात् २०७२ साउनदेखि पुससम्मको महसुल छुट दिन सिफारिस गरेको छ। यो अवधिको महसुल निर्धारण आयोगले प्रिमियम शुल्क नतोकेकाले लिन नमिल्ने प्रतिवेदनमा उल्लेख छ। साथै यो विषय अदालतमा मुद्दा चलिरहेको छ। २०७५ जेठमा लोडसेडिङको अन्त्य भएको घोषणा भएको थियो । लोडसेडिङ अन्त्य भएपछि प्रिमियम शुल्क लिन नमिल्ने प्रतिवेदनमा उल्लेख छ। २०७२ माघदेखि २०७५ बैशाखसम्मको टीओडी मिटरको रेकर्डका आधारमा उठाउन भनिएको छ।

रुपन्देहीका १६ उद्योगको ४१ करोड बढी बक्यौता रहेको प्राधिकरणको दाबी छ।

यसैबिच उद्योगी, व्यवसायीले नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन काटेकोप्रति दुःख जनाउँदै काटिएको लाइन तत्काल जडान गरी सहजरुपमा व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह गरेका छन् ।

उद्योगी व्यवसायीले आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई संयुक्त रुपमा भेटेर प्राधिकरणले काटेको लाइन तत्काल जडान गर्न पहल गर्नुपर्ने माग गरेका हुन् ।

भेटका क्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष एवं उद्योगी पशुपति मुरारकाले विद्युत् प्राधिकरणले पटक-पटक विद्युत् लाइन काटेर उद्योगीमाथि अन्याय गरेको बताए । उनले प्राधिकरणले विद्युत् महसुलसम्बन्धी प्रमाण दिए आफूहरुले शुल्क तिर्ने उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले उद्योगमा विद्युत् कटौती भएको विषयमा ऊर्जा मन्त्रालय, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरणलगायत सरोकार भएका निकायसँग छलफल गरी यथाशीघ्र समस्या समाधानको पहल गर्ने प्रतिबद्धता जनाए । उनले उद्योगीले प्रयोग गरेको लाइनबापतको रकम तिर्नुपर्ने भन्दै प्राधिकरणले पनि लाइन काट्न नहुने धारणा राखे ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत्को बारेमा लाल आयोगले अध्ययन गरिसकेकाले उक्त आयोगको प्रतिवेदनलाई कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने बताए ।

उनले मुलुकको अर्थतन्त्र मन्दीमा रहेका बेला उद्योगको लाइन काट्दा थप समस्या उत्पन्न हुनसक्ने भएकाले यथाशीघ्र समस्याको समाधान गर्न विभागीय मन्त्रालय लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा ऊर्जा मन्त्रालयका सचिवद्धय सुरेश आचार्य र सरिता दवाडी, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीलगायत मन्त्रालयका उच्च पदस्थ अधिकारी एवं उद्योगी व्यवसायीको सहभागिता थियो ।

---

## छत्रदेव गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**छत्रगञ्ज – अर्घाखाँची**

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको

सूचना मिति २०८१/०७/१२

यस कार्यालयको स्वीकृतकार्यक्रम अनुसारठेक्का नं.CRM/ARG/NCB/W/01/081/82, Kalika Mandir-Arghatosh-Majhkot-Chhatradevalaya Mandir Motorable Road Upgrading Works, का लागि मिति २०८१/०६/०६ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्धारित समयभित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/०७/०६ मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति २०८१/०७/०८गतेको मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति २०८१/०७/०९ गतेको निर्णय अनुसारलक्ष्मी निर्माण सेवा,छत्रदेव-०६, अर्घाखाँचीले कबोल गरेको अंक(मु.अ.कर र पि.एस. समेत)रु.२८,५९,५३८.९० (अक्षरुपी अठ्ठाईस लाख उनान्साठी हजार पाँच सय अड्तीस रुपैयाँ पैसा नब्बे)मात्रको बोलपत्रसिफारिस भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## CHHATRADEV RURAL MUNICIPALITY
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**CHHATRAGUNJ, ARGHAKHANCHI**

## Invitation For Sealed Quotations

Date of 2nd publication: 2081/07/12 (28 October, 2024)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 12th November 2024 (2081/07/27) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 26th January 2025 |
|---|---|---|
| 1 | Upgrading Works of Chhatradev Rangasala and Landslide Control Work CRM/ARG/SQ/W/10/081/82 | 28,000/- |

---

# जंगली च्याउ खाँदा पाँच जना बिरामी



बुटवल। पूर्वी नवलपरासीमा जंगली च्याउको तरकारी पकाएर खाँदा एकैघरका पाँचजना बिरामी परेका छन् ।

शनिबारको साँझको खानामा जंगली च्याउको तरकारी खाएका देवचुली नगरपालिका- २ का ४८ वर्षीय बाबुलाल राजवंशीको परिवार बिरामी परेको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ।

शनिबार दिउँसो नजिकैको जंगलबाट टिपेर ल्याएको च्याउको तरकारी खाँदा बाबुलालसहित ४६ वर्षीया रनमाया राजवंशी, २८ वर्षीया धनमाया राजवंशी, २६ वर्षीय मदन राजवंशी र ९ वर्षीया रिदिमा बिरामी परेका हुन् ।

खाना खाएर सुतेका उनीहरुमा झाडापखाला हुने, रिंगटा लाग्नेसहितका लक्षण देखिएपछि सबैलाई उपचारको लागि चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेज चितवनमा भर्ना गरिएको छ। बिरामी सबैको स्वास्थ्य अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

---

## Rainadevi Chhahara Rural Municipality
**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

## Re-Invitation for Bids

Second Date of publication: 28thOctober 2024(2081-07-12)

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of RainadeviChhahara Rural Municipaity, ChhaharaPalpawebsite www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.

3.The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S. N. | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/W/NCB -05-081/82 | Upgrading of Myalcheda-Goruthok nechheda-Budhidamar Road | 27th Kartik 2081 12:00PM | 27th Kartik 2081 1:00PM | 90 & 120 days | Rs.60,000.00 | Rs.3,000.00 |

Act. Chief Administrative Officer

---

## Sandhikharka Municipality
**Office of Municipal Executive**
**Sandhikharka, Arghakhanchi**

## Invitation for Electronic Bids

Date of publication: 2081/7/12 (28thOctober, 2024)

1.Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| SQ/SM/R/P/ 05/2081/82 | Malika Temple Pujari Niwas (Sattal) construction Ward No-5 | 5,44,369.65 | 1000.00 | 17000 | 75 Days | 12th Nov.2024. 12:00 Noon. | 12th Nov.2024. 13:00 PM |
| SQ/SM/R/P/ 07/2081/82 | Basyal Tole Takura Road Improving project Ward No.12 | 8,83,039.41 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/R/P/ 08/2081/82 | Pathshala Rashichaur Dhobato Road Ward No.9 | 8,75,669.77 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/R/P/ 09/2081/82 | Pathasala Kavretari Road Improving project Ward No.9 | 17,63,272.00 | 1000.00 | 54000.00 | | | |
| SQ/SM/W/P/ 10/2081/82 | Amaldanda Phedi Khel Maidan Nirman Ward No.4 | 8,80,366.75 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/R/P/ 11/2081/82 | Kanchikot Hill Statation Pahucha Marga Ward No.7 | 8,81,316.56 | 1000.00 | 27000.00 | | | |
| SQ/SM/B/P/ 12/2081/82 | Health post Building Construction Argha -9 | 13,27,164.00 | 1000.00 | 41000.00 | | | |
| SQ/SM/B/P/ 13/2081/82 | Susamachar Building Maintenance Works | 8,83,285.14 | 1000.00 | 27000.00 | | | |
| NCB/SM/B/P/ 14/2081/82 | Arghakhanchi Eye Hospital Construction Building Ward No.1 | 2,655,281.00 | 3000.00 | 81000.00 | 120 days | 27th Nov.2024. 12:00 Noon | 27th Nov.2024. 1:00 PM |

**Information to deposit the cost in the Bank:**
- Name of the Bank: RastiyaBanijyaBank, Sandhikharka, Arghakhanchi
- Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# सुनचाँदी व्यवसायी संघमा नयाँ नेतृत्व



बुटवल । रुपन्देही सुनचाँदी व्यवसायी संघको तेस्रो अधिवेशनबाट सर्वसहमत रुपमा नेतृत्व चयन भएको छ ।

अध्यक्षमा गोपाल रामदाम विश्वकर्मा, वरिष्ठ उपाध्यक्षमा मनोज सेन्चुरी, प्रथम उपाध्यक्ष तिलक विश्वकर्मा, द्वितीय उपाध्यक्ष सुरज बराल, महासचिव सतिस कुमार कौसल (दिपक), कोषाध्यक्ष सञ्जय सेन्चुरी, सचिव भुवन बराल, सह-सचिव सुजाता गहतराज, सह-कोषाध्यक्ष जीवन गहतराज निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरुमा ठाकुर सुनार, दुर्गाबहादुर विश्वकर्मा, किरण लाम्गादे, पदमबहादुर बिक, भवानीप्रसाद सोनार, सोबबहादुर गहतराज, बुद्धिविनोद घमाल, रामबहादुर बिक, बलराम सुनार, माया बिक (रिजाल) निर्वाचित भएका छन् ।

# जजीराको उडान सऱ्यो, कात्तिक २४ देखि फ्लाई दुबईसँगै हुने

**लुम्बिनी संवाददाता**

*बुटवल*

जजीरा एअरले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आज कात्तिक १२ देखि गर्ने भनिएको उडान नोभेम्बर ९ तारिख (कात्तिक २४देखि ) गर्ने भएको छ । कुवेतबाट आउने जजीरा एयरलाइन्सले आज १२ कात्तिकदेखि नियमित उडान सुरु गर्ने भनिएको थियो । तर जजीराले पनि फ्लाई दुबइसँगै नोभेम्बर ९ बाट मात्रै उडान गर्ने भएको हो । जजीराले आजदेखि गर्ने भनेको उडान किन सारेको हो भन्ने स्पष्ट भएको छैन ।

नोभेम्बर ९ बाट फ्लाई दुबईले दुबई - भैरहवा- काठमाडौं- दुबई गन्तव्यमा दैनिक एक उडान गर्नेछ ।

एयर एसियाले सातामा २ वटा उडान गर्न तालिका पेश गरेको छ । यो वायुसेवाले पेश गरेको तालिका अनुसार बिहान १२:१५ मा आएर १:१५ मा जाने भएको छ । यसले तत्काल सातामा २ उडान गर्ने र थप उडान बढाउँदै सातामा ४ वटा पुऱ्याउने बताएको छ । एयर एसियाले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट भैरहवाको लागि सातामा ४ वटा उडान गर्ने अनुमति पाएको छ । २ वटा उडान सुरु गर्दै थप २ वटा बढाउने पनि यो वायुसेवाको योजना छ ।

एयर एसियाले वायुेवाले उडान तालिका पेश गरेको भए पनि स्वीकृत भने भइसकेको छैन । सम्बन्धित वायुसेवाले पेश गरेको उडान तालिका अनुसार नै उड्डयन प्राधिकरणले स्वीकृत गर्न सक्ने पनि नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेनद्र भुलले बताए ।यो सिजनसँगै काठमाडौं बाहिर जान उड्डयन प्राधिकरणले गरेको बाध्यकारी व्यवस्थासँगै भैरहवाबाट उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या बढ्दै जान थालेका छन् ।

कार्तिक २३ बाट ट्याक्सी वे मर्मतका क्रममा रातैभरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द हुँदैछ । रातिको समयमा हुने उडान बन्द र बिहान ढिलो विमानस्थल खुला हुने भएकोले त्यसको चाप मिलाउन नागरिक उड्डयन प्राधिकरणले काठमाडौं विमानस्थबाट हुने उडान अवतरणका ४० प्रतिशत तालिका कटौती गर्न सम्बन्धित वायुसेवालाई परिपत्र गरेको छ । सोहीअनुसार काठमाडौं बाहिर पोखरा वा भैरहवा जान सम्बन्धित




वायुसेवालाई प्राधिकरणले आग्रह पनि गर्दै आएको थियो । सोहीअनुसार विदेशी वायुसेवा भैरहवा जान तयार भएका हुन् ।

दुबईबाट आउने फ्लाई दुबई भने नेपालमै पहिलोपटक (आठौं ट्राफिक स्वतन्त्रता) एटफ्रिडमसहित उडान गर्नेछ । एउटा देशको वायुसेवा अर्को देशमा गएर एउटा विमानस्थलबाट अर्को विमानस्थलमा उडान गर्नुलाई उड्डयन क्षेत्रमा एटफ्रिडम भनिन्छ ।

प्राधिकरणको आग्रह र ट्याक्सी वे मर्मतका क्रममा काठमाडौं विमानस्थल रातिको समयमा बन्द हुने भएपछि बाध्य भएर विदेशी वायुसेवाले पहिलोपटक काठमाडौं बाहिर नियमित उडान गर्न तयार भएका हुन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार २७ सेप्टेम्बर (११ कात्तिक)बाट सुरु हुने विन्टर सिजनदेखि विदेशी वायुसेवा काठमाडौं बाहिरबाट उडान गर्न तयार हुँदै धमाधम अनुमति लिन थालेका हुन् । थप विदेशी वायुसेवाको पनि चासो देखिएको भए पनि उडान अनुमति भने लिएका छैनन् ।

फ्लाई दुबई दुबईबाट दिउँसो १:४५ मा भैरहवा विमानस्थलमा अवतरण गर्ने गरेर काठमाडौं विमानस्थलमा ३:३० मा अवतरण गर्नेछ । काठमाडौंमा यात्रु ओराल्ने र राख्ने गरेर यो वायुसेवा काठमाडौंबाट साढे ४ बजे दुबईका लागि उड्ने गरी अनुमति पाएको नेपाल नागरिक उड्डयन प्राधिकरणको भनाइ छ । यो वायेुवाले आगामी नोभेम्बर ९ (कात्तिक २४)बाट दुबई-भैरहवा-काठमाडौं-दुबई गन्तव्यमा दैनिक एक उडान गर्ने भएको छ ।

एयर अरेबियाले पनि भैरहवाबाट उडान गर्न आन्तरिक तयारी गरिरहेको छ । यो वायुसेवाले भने प्राधिकरणसमक्ष उडान तालिका पेश भने गरिसकेको छैन । काठमाडौं विमानस्थलको चाप घटाउने क्रममा अरु अन्तर्राष्ट्रिय उडानका वायुसेवाले समेत योजना र उडान तालिका पेश गर्ने क्रम जारी रहेकोले थप वायुसेवाले काठमाडौं बाहिरको विमानस्थलबाट सेवा दिने भएको प्राधिकरणको भनाइ छ ।

अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षसम्म पर्याप्त र नियमित उडान नहुँदा विमानस्थल लक्षित गरी होटेललगायत पर्यटन क्षेत्रमा निजी क्षेत्रबाट भएको झण्डै ८० अर्ब लगानी जोखिममा परेको भन्दै व्यवसायीहरु चिन्तामा छन् । अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त संख्यामा गराउन माग गर्दै निजी क्षेत्रका विभिन्न संघसंस्थाले आन्दोलन समेत गर्दै आएका थिए ।

# मखनटोलमा तिहार बजार



**कृष्ण पोखरेल**

*पाल्पा*

मखनटोल टोल विकास संस्थाले भाइटिकालाई लक्षित गरेर तिहार बजार सञ्चालन गरेको छ । तिहार भाइटिकाको लागि चाहिने आवश्यक फूल, माला, टिका, भाइमसला, ओखर काजु बदाम, गढी छोडा ल्वाङ, सुपारी, सप्तरंगी टिका, विभिन्न प्रकारका रोटीका परिकार, ढाका टोपी, कपडाहरुको स्टल एकै स्थानमा राखी तिहार बजार सञ्चालन गरेको हो ।

गत वर्षैदेखि मखनटोल टोल विकास संस्थाले तानसेनमा तिहार बजार सञ्चालन गर्दै आएको छ । तिहारको लागि आवश्यक बस्तु चिउरीको पात, सिन्का विविरा, विभिन्न किसिमका फलफूलहरु, विभिन्न किसिमका मिठाइहरु समेत विभिन्न स्टलहरुमा राखिएका थिए । झिनिया रोटी त तानसनेकै पुरानो रोटीको परिकारमा परिचित रहेको छ ।

तानसेन नगरपालिकाभित्रको नमूना टोल विकास संस्थाको रुपमा रहेको मखनटोल टोल विकास संस्थाले तिहार बजारको लागि विभिन्न सरसमानदेखि, लाउने, खाने, सजाउने, जस्ता सरसमानहरुको करीव ३५ वटा स्टहरु सञ्चालन गरेको संस्थाकी अध्यक्ष ज्ञानु कार्कीले बताइन । तिहार बजारमा करीव ५ लाख बराबरको कारोबार भएको संस्थाकी पूर्व अध्यक्ष ज्योति राजभण्डारीले बताइन । बिहान ११ बजेदेखि सञ्चालन भएको तिहार बजार बेलुकासम्म चलिरहेको थियो । तिहार बजारमा सबै किसिमका सरसमानहरु किनमेल गर्न पाएकोमा खुसी लागेको बगनासकाली १ चिरतुङ्गधारीकी विमली थापाले बताइन ।

मखनटोलको तेस्रो सडकमा सञ्चालन भएको तिहार बजारलाई व्यवस्थित रुपमा सञ्चालनको लागि संस्थाका पदाधिकारी, सदस्यहरु बिहानैदेखि खटिएका थिए ।

# सामुदायिक विद्यालयको गुणस्तर सुधारौं : मुख्यमन्त्री

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक संगठनका नेतृत्वलाई निर्देशन दिएका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठन दाङका नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुसँगको भेटमा मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदै जानु चिन्ताको विषय भएको बताउँदै नतिजा सुधार गर्न शिक्षकहरुलाई निर्देशन दिएका हुन् हो ।

'एसईईको नतिजा के-कस्तो आयो सबैलाई अवगत छ । अबको नतिजा त्यस्तो नहोस्,' मुख्यमन्त्री आचार्यले भने-'शैक्षिक गुणस्तर सुधार गरेर तपाईं कार्यरत विद्यालयलाई नमूना बनाउन ध्यान दिनुस् ।' सामुदायिक विद्यालयलाई सबैहिसाबले नमूना बनाउनेगरी काम गर्न मुख्यमन्त्रीको निर्देशन थियो ।

'पठनपाठनको दृष्टिले विद्यालयलाई नमूना बनाउनैपर्छ,' उनले भने-'नतिजा सन्तोषजनक देखिंदैनन् । यसमा सुधार गर्नैपर्छ ।' असोज १२ सम्पन्न जिल्ला सम्मेलनले नेपाल राष्ट्रिय शिक्षक संगठन दाङको नेतृत्व चयन गरिएको थियो ।

संगठनका जिल्ला अध्यक्ष मीनराज शर्माले कार्यालयको भवनलाई सिकाइ केन्द्रको रुपमा विकास गर्नेगरी साधनस्रोत सम्पन्न बनाउन प्रदेश सरकारले सहयोग गर्नुपर्ने भनाइ राखेका थिए ।

# राष्ट्रिय स्क्राबलमा बिनिता नेपाल प्रथम




गुल्मी । नेपाल स्क्राबल कमिटीद्वारा कार्तिक ९ र १० गते गुल्मी जिल्लामा सम्पन्न दशौं राष्ट्रिय स्क्राबल प्रतियोगितामा सुनवल युनाइटेड अंग्रेजी आवासीय मावि सुनवल-४, नवलपरासीकी छात्रा बिनिता बर्मा छात्रातर्फ नेपाल प्रथम र समग्रमा नेपाल दोस्रोको उपाधि हासिल गर्न सफल भएकी छन् ।

प्रतियोगितामा देशभरबाट १९ जिल्लाका ७८ जना विद्यार्थीहरुबिच प्रस्तिस्पर्धा भएको थियो । प्रतियोगितामा चितवनका अर्नभ पाण्डे प्रथम र मकवानपुरका प्रसिद्ध तिमिल्सिना तेस्रो भएका छन् ।

२०८१ साल असोज ३ गते प्याब्सन नवलपरासीको आयोजनामा भएको जिल्लास्तरीय छनौट प्रतियोगितामा प्रथम स्थान हासिल गर्दै बिनिता बर्मा राष्ट्रिय प्रतियोगितामा सहभागी भएकी हुन् । नेपाल स्क्राबल क्लबले विभिन्न जिल्लाहरुमा विद्यालय संख्याको आधारमा जिल्लास्तरीय प्रतियोगितामार्फत् राष्ट्रिय प्रतियोगिताको लागि सहभागी खेलाडीको कोटा निर्धारण गरेअनुसार खेलाडीको सहभागिता रहेको हुन्छ ।

सुनवल युनाइटेड स्कुलका विद्यार्थीहरुले वि.स २०७९ सालदेखि स्क्राबल प्रतियोगितामा आफ्ना विद्यार्थीहरु सहभागी गराउँदै जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सफलता हात पारिरहेको विद्यालयका प्रिन्सिपल धनराज चापागाईंले बताए । यो प्रतियोगितामा सफल भएसँगै छात्रा विनिता बर्मा जनवरी २०२५ मा काठमाडौंमा हुने पाँचौ अन्तर्राष्ट्रिय स्क्राबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने छिन् । साथै केही दिनपछि नोभेम्बर १० देखि १२ सम्म भारतको राजधानी नयाँ दिल्लीमा आयोजना हुने एसिया कप स्क्राबलमा पनि विद्यार्थी बर्माको सहभागिता हुने प्राचार्य चापागाईंले जानकारी दिए ।

स्क्राबल प्रतियोगिताले विद्यार्थीहरुमा खेलको माध्यमद्वारा नयाँ नयाँ शब्दहरुको खोजी गर्ने, चिन्तन गर्ने र शब्द भण्डार वृद्धि गर्ने कलाको विकास गराउने हुँदा यसले विद्यार्थीहरुको शैक्षिक अब्बलता पनि तीब्ररुपमा वृद्धि गराउँछ । यो खेल एदेखि जेडसम्मका अंग्रेजी अक्षरहरुको माध्यमद्वारा बोर्डमा नयाँ र स्कोर बढी प्राप्त गर्ने शब्दहरु निर्माण गर्दै २ जना खेलाडीहरुबिच समय सीमा निर्धारण गरी खेलाउने गरिन्छ ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com